"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"

महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.): २०८३/०८४
चलानी नं. (Reg. No.):

माटो परीक्षण तथा माटो सुधार कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने बारेको सूचना ।

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०८/०१
ने.सं. ११४७ कछलाथ्व अष्टमी, मंगलबार

यस महालक्ष्मी नगरपालिका कृषि विकास शाखाको आ.व.२०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार माटो परीक्षण तथा माटो सुधार कार्यक्रम अन्तर्गत माटो नमुना सङ्कलन प्रविधि तालिम, माटो जाँच शिविर सञ्चालन र माटो परीक्षण पश्चात् नतिजाको आधारमा माटो व्यवस्थापनका लागि कृषि चुन/जिप्सन/प्राङ्गारिक मल वितरण कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रममा सहभागी हुन यस नगरपालिका भित्र स्थायी खेती गर्ने वा लामो समयदेखि भाडामा खेती गर्दै आएका इच्छुक कृषक/कृषि समूह/सहकारी/फार्महरुका लागि माटो जाँचको लागि यस अघि मिति २०८३/०६/१५ गते प्रथम पटकको प्रकाशित सूचना अनुसार प्रयास आवेदन प्राप्त नभएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८३/०८/०८ गते भित्र) भित्र आवश्यक कागजातसहित यस नगरपालिकाको कृषि विकास शाखा, कमलपोखरी वा कृषि सेवा केन्द्र, लामाटार वा सम्बन्धित वडा कार्यालयहरुमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो दोस्रो पटकको सूचना पुनः प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरुः

१. परिचय खुल्ने आधिकारिक प्रमाणपत्रको प्रतिलिपि ।
२. पत्रसाथ संलग्न आवेदन फाराम ।
३. व्यवसायीको हकमा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. समूह/सहकारी/संस्थाको हकमा दर्ता/नवीकरण प्रमाणपत्र र निर्णयको प्रतिलिपि।
५. माटो जाँच गर्ने जमिन/जग्गाको विवरण ।

(नोटः आवेदन फाराम यसै सूचनासाथ संलग्न रहेको हुँदा डाउनलोड गर्न वा सम्बन्धित निकायबाट उपलब्ध गर्नुहुन अनुरोध छ।)

.....
अमित ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

अमित ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np